# धुर्कोट गाउँपालिका

## ग्रामिण खानेपानी तथा सरसफाई योजना संचालन कार्यविधि २०७६

धुर्कोट गाउँपालिका
बर्बोट , गुल्मी
५ नं. प्रदेश, नेपाल

# ग्रामिण खानेपानी तथा सरसफाई योजना संचालन कार्यविधि २०७६

**प्रमाणिकरण मितिः २०७६।०४।२८**

**प्रस्तावना**

**धुर्कोट गाउँपालिका क्षेत्र भित्र स्वच्छ खानेपानी तथा सरफाईको पहुँच सबै नागरिकहरुमा पुऱ्याउने उद्देश्यले स्वच्छ खानेपानी तथा सरसफाईको व्यवस्थापन गर्न खानेपानी तथा सरसफाई योजना संचालन तथा व्यवस्था गर्न वान्छनिय भएकोले धुर्कोट गाउँपालिकावाट स्वीकृत भई "ग्रामिण खानेपानी तथा सरसफाई योजना संचालन कार्यविधि २०७६ "जारी गरेको छ ।**

## परिच्छेद-१
## प्रारम्भ

१.संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नामः **"ग्रामिण खानेपानी तथा सरसफाई योजना संचालन कार्यविधि २०७६"** रहेको छ ।

(२) यो कार्यविधि धुर्कोट गाउँकार्यपालिकाबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

(३) यो कार्यविधि तत्काल प्रारम्भ हुनेछ ।

२.परिभाषा तथा व्याख्याः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"गाउँ सभा"** भन्नाले धुर्कोट गाउँसभा सम्झनु पर्दछ ।

(ख) **"कार्यपालिका"** भन्नाले धुर्कोट गाउँकार्यपालिका सम्झनु पर्दछ ।

(ग) **"अध्यक्ष"** भन्नाले धुर्कोट गाउँपालिका अध्यक्ष सम्झनु पर्दछ ।

(घ) **"उपाध्यक्ष"** भन्नाले धुर्कोट गाउँपालिका उपाध्यक्ष सम्झनु पर्दछ ।

(ङ) **"वास व्यवस्थापन समिति"** भन्नाले दफा ९ उपदफा (१) बमोजिम गठन भएको समिति सम्झनु पर्दछ ।

(च) **"प्रमुख प्रशासकिय अधिकृत"** भन्नाले धुर्कोट गाउँपालिका प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्दछ ।

(छ) **"वडा"** भन्नाले धुर्कोट गाउँपालिका भित्रका वडालाई सम्झनु पर्दछ ।

(ज) **"पदाधिकारी"** भन्नाले उपभोक्ता समितिका अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षलाई संम्झनु पर्दछ ।

(झ) **"योजना"** भन्नाले कुनै भौगोलिक क्षेत्र वा कार्यक्षेत्रमा निश्चित अवधि र लगानी रकम तोकी निर्धारित उद्देश्य प्राप्तिका लागि तयार गरिएको खानेपानी तथा सरसफाइ क्रियाकलापलाई सम्झनुपर्दछ ।

(ञ) **"उपभोक्ता समिति"** भन्नाले सामूहिक लाभका लागि संस्थागत रुपमा प्रत्यक्ष लाभ पाउने व्यक्तिहरूको समूहले खानेपानी तथा सरसफाइ क्रियाकलापको निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि आफुहरू मध्येबाट निश्चित प्रक्रिया बमोजिम गठन र सम्पूर्ण उपभोक्ताहरुको प्रतिनिधित्व गर्ने निकाय सम्झनुपर्दछ ।

(ट) **"सार्वजनिक परीक्षण"** भन्नाले योजनाको चरणबद्ध कार्यविधि, २०७६ को सार्वजनिक परीक्षण बमोजिम उपभोक्ता समितिले सञ्चालन गर्ने खानेपानी तथा सरसफाइ योजनाको लक्ष्य, उद्देश्य, बजेट तथा यसबाट प्राप्त नतिजा, उपलब्धि र खर्च आदिको बारेमा उपभोक्ता र सरोकारवालाहरू वीच जानकारी गराउने, लेखाजोखा गर्ने, मूल्याङ्कन गर्ने र पृष्ठपोषण गर्ने प्रक्रिया सम्झनु पर्दछ ।

(ठ) **"खुला दरभाउपत्र"** भन्नाले उपभोक्ता समिति/खरिद समितिले निर्माण सामाग्रीको दररेट उपलब्ध गराउनको लागि ईच्छुक सप्लायर/फर्म/कम्पनीलाई उपलब्ध गराउने दरभाउपत्रमा उक्त सप्लायर/फर्म/कम्पनीले मूल्य उल्लेख गरी खामबन्दी रुपमा पेश गरेको विवरण सम्झनु पर्दछ ।

(ड) **"सिलबन्दी दरभाउपत्र"** भन्नाले उपभोक्ता समितिको खरिद सूचना बमोजिम निर्माण सामग्री उपलब्ध गराउनको लागि ईच्छुक सप्लायर्स, फर्म, कम्पनीले सिलबन्दी (लाहाछाप लगाइएको) खामभित्र मूल्य समेत उल्लेख गरी पेश गरेको विवरण सम्झनु पर्दछ ।

(ढ) **"खरिद"** भन्नाले उपभोक्ता समितिले खानेपानी तथा सरसफाइ योजनाको लागि निर्माण सामाग्री आपुर्ति गर्ने कार्य सम्झनु पर्दछ ।

(ण) **"खानेपानी"** भन्नाले स्वच्छ पिउने पानीलाई सम्झनुपर्दछ ।

(त)**"सरसफाई"** भन्नाले जनस्वास्थ्य प्रवर्द्धनका लागि गरिएका विभिन्न स्वस्थकर क्रियाकलापहरुको समग्र कार्यलाई सम्झनु पर्दछ ।

(थ) **"स्वच्छता"** भन्नाले आफू र वरिपरिको वातावरण सफा गरी रोगको विस्तार रोक्नु र बिरामी हुनबाट बच्न अपनाइने सम्पूर्ण व्यवहार  र आनीबानीलाई  सम्झनु पर्दछ ।

(द) **"उपभोक्ता"** भन्नाले योजनाबाट प्रत्यक्ष लाभाान्वित हुने योजना सञ्चालन हुने क्षेत्रभित्रका व्यक्तिहरुलाई जनाउँदछ ।

(ध) **"तोकिएको" वा "तोकिए बमोजिम"** भन्नाले यस कार्यविधि अन्तर्गत बनेको नियम, निर्देशिकामा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

## परिच्छेद- २
## उद्देश्य

**३ उद्देश्यः** यस कार्यविधिको उद्देश्यहरु देहायबमोजिम हुनेछ ।

(क) लक्षित उपभोक्ताहरुको बहुपक्षिय हित प्रर्वद्धन गर्ने ।

(ख) योजनाको संभाव्यता अध्ययन,प्राथमिकीकरण तथा कार्यान्वय गराउने ।

(ग) खानेपानी तथा सरसफाई कार्यक्रमको अनुगमन तथा मूल्यांकन गर्ने ।

(घ) वासका सम्पूर्ण क्रियाकलापहरुको प्रभावकारी कार्यान्वयन गर्ने ।

(ङ) उपभोक्ता समितिलाई क्षमता अभिवृद्धि गराउने ।

## परिच्छेद-३
## खानेपानी तथा सरसफाई योजना संचालनका चरणहरु

**४. संभाव्यता अध्ययन :** (१)संभाव्यता अध्ययन देहायका आधारमा गरिने छ :-

(क) खानेपानी योजनाको संभाव्यता अध्ययन फागुन,चैत्र, बैशाख र जेठमा योजनाको चरण अनुसार गरिनेछ ।

(ख) गाउँपालिको वास योजना /स्थानीय तहको योजना तर्जुमा प्रकृयाको प्राथमिकीकरणको आधारमा संभाव्यता अध्ययन गरिने छ ।

(ग) प्रस्तावित योजनाको क्षेत्र र पानीको स्रोतको भ्रमण गरि पानी मापन गरिने छ ।

(घ) लाभान्वित घरधुरी तथा जनसंख्या यकिन गर्ने र पानीको क्षमताले उक्त जनसंख्यालाई पुग्छ पुग्दैन पानीको श्रोत नाप्ने र हिसाब गरिने छ ।

(ङ) यदि लिफ्ट योजना(सोलार वा विद्युतीय) प्रस्ताव गरिएको हो भने सो को लागि पानीको श्रोत र टंकी स्थानको अल्टिमिटर/जिपियसबाट उचाइ यकिन गरिने छ ।

(च) योजना स्तरमा आमभेला आयोजना गर्ने र कम्तीमा ७५% घरधुरीवाट उपस्थितिमा ४५% महिला अनिवार्य उपस्थिति हुनु पर्नेछ र सबै टोलबाट जाती समुदायको समानुपातिक प्रतिनिधित्व गराइने छ ।

(२) उपदफा (१) बमोजिमको आधारमा अध्ययन भएका योजनाहरुको संभाव्यता अध्ययन फाराम प्रयोग गरि उ.स. तथा सम्बन्धित वडा कार्यालय र कर्मचारी मार्फत लगत संकलन गरिने छ ।

**५.सामाजिक नक्शा :**

खानेपानी योजना संचालन गर्न योजनालाई आवश्यक पर्ने सामाजिक, प्राविधिक र भौगोलिक तथ्याङ्कहरु सामाजिक नक्सांकनबाट उपलब्ध हुन्छ । सामाजिक नक्साङ्कन समुदायको प्रारम्भिक जानकारी संकलन गर्ने एउटा महत्वपूर्ण एवं सहभागितात्मक औजार हो । सामाजिक नक्सा घरधुरी, जनसंख्याको तथ्याङ्क (महिला, पुरुष, वयस्क, बालबालिका, भुमिहीन, साक्षर, निरक्षर, आदि) का साथै सामाजिक संरचना र उक्त स्थानमा अवस्थित संघ संस्थाको जानकारी समावेश भएको एउटा दृश्यात्मक चित्र हो । यस प्रक्रिया अनुसार समुदायले भावी खानेपानी तथा सरसफाइ योजनाले सेवा प्रदान गर्ने स्थानको चित्रण पनि यसै सामाजिक नक्शामा तयार गरिएको हुनुपर्दछ ।

सामाजिक नक्साङ्कन अन्तर्गत समुदायका महिला तथा पुरुषहरु स्वयंले आफ्नो समुदायको नक्सा तयार पार्दछन् । यस प्रक्रियामा समुदायको अवस्था हेरी आवश्यक भएमा महिला पुरुषको छुट्टाछुट्टै बैठक राख्नुपर्दछ । खासगरी महिलाहरु पुरुष वा अन्य समुदायका मानिसहरुको अगाडि बोल्न धक मान्ने समुदायमा यस्तो प्रकृया अपनाउनु पर्दछ ।

**६: उपभोक्ता समिति गठन तथा दर्ता :**

(१) उपभोक्ताहरुको आमभेलावाट आफ्ना प्रतिनिधि छनौट गर्न जलश्रोत २०४९ ( दफा ५) को प्रावधान तथा स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार उपभोक्ता समिति गठन गर्नु पर्नेछ ।

(२) कुल लाभान्वित घरधुरीको ७५ % घरधुरीको अनिवार्य उपस्थितिको आमभेला आयोजना गर्नु पर्ने छ र उपभोक्ता समितिमा कुल सदस्य संख्याको ४५% महिला तथा सबै जाति समुदाय, क्षेत्र तथा वर्गको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्नु पर्दछ ।

(३) उपभोक्ता समितिको पद संख्या ७ देखि ११ जनासम्मको रहने छ ।

(४) धेरै ठुला तथा जटिल योजनाको हकमा उपभोक्ता समिति मातहत रहने गरी आवश्यकता अनुसार उप समितिहरु गठन गर्न सकिनेछ ।

(५) उपभोक्ता समितिको खाता संचालन प्रकृयामा अध्यक्ष ,सचिव र कोषाध्यक्ष मध्ये महिलाको दस्तखत अनिवार्य हुनेछ ।

(६) सम्बन्धित तहमा प्रचलित ऐन कानून बमोजिम खानेपानी उपभोक्ता समिति दर्ता गर्नु पर्ने छ । उपभोक्ता समिति दर्ता गर्नु पूर्व विवाद छ वा छैन यकिन गर्न ३५ दिने सूचना अनिवार्य टाँस गर्नु पर्ने छ ।

**उपभोक्ता समिति दर्ता :**

दर्ता सम्बन्धमा **धुर्कोट गाउँपालिकामा** दर्ता व्यवस्था गरिए बमोजिम  संस्था दर्ता गर्न चाहेमा  तल उल्लेखित विवरण सहित गाउँपालिकाको जलस्रोत र वातावरण हेर्ने शाखा समक्ष निवेदन दिनुपर्दछ।

(क) उपभोक्ता संस्थाको विधान

(ख) मुहान दर्ता भईसकेको भए, दर्ताको प्रमाण र नभएको भए श्रोतको विवरण

(ग)  सेवा क्षेत्र र लाभान्वित जनसंख्या

(घ) योजना विकासका लागि आवश्यक बजेट र प्राप्त हुने श्रोत

(ङ) योजनाबाट पर्न सक्ने सामाजिक, वातावरणीय प्रभाव

(च) निवेदन

**७.उपभोक्ता समितिलाई तालिम तथा गोष्टी संचालनः**(१)उपभोक्ता समितिलाई देहाय बमोजिमका तालिम संचालन गरिने छ :-

(क) उपभोक्ता समितिलाई अभिमुखिकरण र आर्थिक व्यवस्थापन तालिम

(ख) सामुदायिक कार्ययोजना तयारी गोष्टी

(ग) उपभोक्ता समितिलाई पानी सुरक्षा योजना तालिम

**अनुसूची १ अनुसार  उपभोक्ता समितिलाई  तालिम संचालन गरिनेछ।**

## ट. योजनाको प्रथम रेखाङ्कन :

योजना रेखाङ्कन भनेको योजनाको एउटा चित्र हो, जसमा योजनाका प्रमुख भागहरु जस्तै, पाइपलाइनको मार्ग, सडक, धारा, टंकी र तीनका स्थानहरु, बिद्यमान पूर्वाधारका संरचना आदीका संकेत बनाई नक्सामा प्रतिबिम्वित गरिएको हुन्छ। योजनाको रेखाङ्कन समुदायीक नक्शामा आधार भएर बनाउनु पर्दछ।

योजनाको प्रथम रेखाङ्कन विस्तृत प्राविधिक सर्भेक्षणको लागि महत्वपूर्ण आधार हो । उपभोक्ताले निर्धारण गरेको रेखाङ्कन विस्तृत प्राविधिक सर्भेक्षणको समयमा प्राविधिक कारणले असम्भव भई फेरबदल गर्नुपरेमा सो विषयमा समुदायसँग पुनः छलफल गरी निर्णय गर्नुपर्दछ। योजना निर्माणको समयमा आउने विवादहरु कम गर्न तथा उपभोक्ताहरुमा साझा बुझाइ स्थापित गराउनको लागि यस्तो छलफल गर्नु आवश्यक हुन्छ। यसो गर्दा बिस्तृत प्राबिधिक सर्भेक्षण गर्दा र योजना कार्यान्वयन चरणको क्रममा विवाद कम हुने  गर्दछ। यसका औजारहरु भनेकै योजनाको प्रथम रेखाङ्कन र योजना क्षेत्रको समुदायिक नक्शा हुन् । विस्तृत प्राविधिक सर्भेक्षण सम्पन्न भएपछि सर्भेक्षण टोलीले योजनाको अन्तिम रेखाङ्कन नक्सा तयार गर्नेछ।

## ९. विस्तृत प्राविधिक सर्वेक्षण

यो कार्यविधी खानेपानी आयोजनामा गरिने विस्तृत प्राविधिक सर्भेक्षण कार्यलाई सहयोग पुऱ्याउने उद्देश्यले तयार गरिएको छ । खानेपानी योजनाका विभिन्न संरचनाहरुको उपयुक्त स्थान, संरचनाका साइज र संख्या योजना स्थलको विस्तृत सर्भेक्षणबाट गरिन्छ । खानेपानी प्रणालीको डिजाइनको लागि आवश्यक पर्ने आधारभूत तथ्यांक विस्तृत प्राविधिक सर्भेक्षणबाट मात्र उपलब्ध हुन्छ, जसमा डेस्क अध्ययन र फिल्ड सर्भेक्षण समेत पर्दछन् ।

## १०. डिजाइन तथा इस्टिमेट

यदि ग्राभिटी खानेपानी प्रणाली सम्भव नभएमा अन्य वैकल्पिक उपायहरु जस्तै बर्षातको पानी संकलन प्रणाली वा मुल सुधार तथा संरक्षण कार्य वा लिफ्टिङ प्रणाली वा अन्य विकल्पहरुको खोजी गर्नुपर्दछ । मुल संरक्षणले पानी प्रदुषित हुने सम्भावनालाई कमगर्दछ । लिफ्टिङ प्रणालीका योजनाहरुमा विद्युतीय वा सोलार लिफ्ट कुन छनौट गर्ने भन्ने कुरा महत्वपुर्ण हुन्छ र यो बिषय योजनाको सम्भाव्यता अध्ययनमै (सुरुमै) समुदायमा राम्रोसँग छलफल गर्नु पर्दछ । योजना डिजाईन अवधि सम्म चालु रहने किसिमले डिजाइनकर्ताले आफ्नो ज्ञान र विवेक प्रयोग गरि डिजाईन गर्नुपर्दछ ।

## ११. सार्वजनिक परीक्षण

सार्वजनिक परीक्षण विशेष गतिविधि, आयोजना, योजना, परियोजना र संस्थाको कार्यक्रमको लागि पारदर्शिताको लागि प्रयोग हुने औजार हो । यो कार्यक्रमको गतिविधिहरु, कार्यान्वयनका सवालहरु, आर्थिक मामिलाहरु र श्रोत साधनको प्रयोगमा बढी केन्द्रित छ । यो उपभोक्ताहरुलाई उनीहरुको स्थानीय स्तरमा भएका विकास निर्माणका क्रियाकलापहरु बारे जानकारी दिने माध्यम पनि हो । सार्वजनिक परीक्षण एउटा आयोजनामा दुई पटक आयोजना गर्नुपर्दछ ।

- पहिलो सार्वजनिक परीक्षण : योजनाको शुरुको अवस्था
- दोस्रो सार्वजनिक परीक्षण : योजनाको सम्पन्न हुने अवस्था

### पहिलो सार्वजनिक परीक्षण

योजना कार्यान्वयन तयारी प्रकृयाको अन्त्यमा पहिलो सार्वजनिक परीक्षणको आयोजना गरिन्छ । योजनाको अन्तिम रेखाङ्कन, डिजाइन र योजनाको लागत अनुमान तयार भैसकेपछि उपभोक्ता घरधुरीहरुको सहभागितामा यो कार्ययोजना तयारी प्रक्रियाको अन्त्यमा गर्नुपर्दछ । योजनाको पहिलो अनुगमन पनि अनुगमन टोलीद्वारा सोही दिन गर्नु पर्दछ ।

**पहिलो सार्वजनिक परीक्षणका उद्देश्यहरुः**

- उपभोक्ता समितिले सामुदायिक कार्ययोजना प्रस्तुत गर्ने उपभोक्ताहरु द्वारा स्वीकृत गर्ने,
- योजनाको डिजाइन, लागत तथा रेखाङ्कनको बारेमा जानकारी दिने, अन्तिम समीक्षा गर्ने र उपभोक्ताहरुले योजनाको डिजाइन र लागत अनुमान स्वीकृत गर्ने,

- समुदाय तथा सम्बन्धित सरोकारवालाहरुलाई योजनाका गतिविधिहरु, कार्यान्वयन प्रकृया र प्रगति बारे जानकारी गराउने
- खरिद प्रक्रियाको बारेमा छलफल गरी र निर्णय गर्ने वा खरिद गर्न अपनाईएका सबै माथी उल्लेखित विधि र प्रक्रिया अनुसार खरिद गरिएको भए सो को अनुमोदन गर्ने ।
- उपभोक्ता समितिले योजना अन्तिम स्वीकृती गर्ने ।
- पहिलो अनुगमन गर्ने ।

**आवश्यक दस्तावेजहरु**

सार्वजनिक परीक्षणमा उपभोक्ता समितिले निम्न अनुसारका दस्तावेजहरु व्यवस्थापन गर्नुपर्दछ :

- उपभोक्ता समितिको निर्णय पुस्तिका
- योजनाको मस्यौदा सामुदायिक कार्ययोजना
- योजनाको डिजाइन प्रतिवेदन
- योजनाको अन्तिम रेखाङ्कन नक्शा र सामुदायिक नक्शा
- लाभान्वित घरधुरी र जनसंख्याको विवरण

## दोस्रो सार्वजनिक परीक्षण

दोस्रो सार्वजनिक परीक्षण निर्माण कार्य सम्पन्न भईसकेपछि अन्तिम किस्ता निकासा हुनुभन्दा पहिले आम भेलाद्वारा गरिन्छ जसमा सम्पूर्ण उपभोक्ताका साथै सम्बन्धित सरोकारवाला निकायहरुको पनि उपस्थिति रहन्छ । योजनाको दोस्रो अनुगमनका दिन नै उक्त योजनको दोस्रो सार्वजनिक परीक्षण गरिन्छ ।

दोस्रो **सार्वजनिक परीक्षणको उद्देश्यहरु :**

- योजनाका सम्पूर्ण आम्दानी र खर्च तथा क्रियाकलापहरुको परीक्षण गरी आम भेलाबाट पारित गराउने ।
- योजनाको दिगो सञ्चालनका लागि निर्माण पश्चातको चरणमा सम्बोधन हुने उपयुक्त सञ्चालन विधि निर्धारण गर्न ।
- पारदर्शिताद्वारा योजनाप्रति अपनत्वको भावना सृजित गराउन ।
- योजनाको रकम सही रुपमा खर्च गरी गुणस्तरीय कार्य भए नभएको लेखाजोखा गर्न ।
- दोस्रो अनुगमन गर्ने ।

दोस्रो **सार्वजनिक परीक्षणमा उपभोक्ता समितिले तयार गर्नुपर्ने कागजातहरुः**

- उपभोक्ता समितिको निर्णय पुस्तिका
- आन्दानी र खर्च खाता तथा बैंक स्टेटमेन्ट
- बिल भौचर फाइल
- डिजाइन रिर्पोट तथा योजनाको सम्झौता पत्र
- स्टोर अभिलेख खाता
- डोर हाजिर फारम तथा भुक्तानी खाता
- पत्राचार (आएको गएको पत्रहरु) फाइल
- आगन्तुक पुस्तिका

## १२. सरसफाइ तथा स्वच्छता क्रियाकलापहरु

- उपभोक्ता समितिले शौचालय, भाँडा सुकाउने चाङ्ग, फोहोर फाल्ने खाडल, धुँवा रहित चुल्हो निर्माण हुन बाँकी रहेका घरहरुमा निर्माण गर्नको लागि उपभोक्ताहरुलाई उत्प्रेरित गर्ने । उपभोक्ता समितिले व्यक्तिगत, घरायसी तथा वातावरणीय सरसफाइ तथा स्वच्छता सम्बन्धी आनीबानी तथा सुरक्षित पानीको व्यवस्था गर्ने र यसको लागि महिला सामुदायिक संस्था/समूहहरुको परिचालन एवं नियमित अन्तरक्रिया गर्ने कार्यलाई निरन्तरता दिनुपर्नेछ ।

## परिच्छेद-४
## खानेपानी योजना छनौटका आधार

**१३ .खानेपानी योजना छनौटका आधार :**

(१) धुर्कोट गाउँपालिका भित्रका खानेपानी योजना छनौट गाउँकार्यपालिकाको कार्यालयले गर्नेछ ।

(२) हालसम्म बाह्य सहयोग नपाएका सुविधाविहिन घरधुरीहरुलाई पहिलो प्राथमिकता दिइने छ ।

(३) खानेपानी योजना छनौट गर्दा दलित, अल्पसंख्यक, जनजाती, एकल महिला, अनाथ तथा बालबालिका, अपाङ्गता भएका व्यक्ति, आर्थिक रुपले अतिविपन्न परिवारहरुलाई पहिलो प्राथमिकता दिइनेछ ।

(४) डिजाइन अवधि २० वर्ष समाप्त भएका योजनाहरु र उपभोक्ताहरु सेवा विहिन भएको अवस्थालाई दोस्रो प्राथमिकतामा राखिने छन् ।

(५) खानेपानी योजनावाट लाभान्वित भएको २० वर्षभन्दा कम अवधि भएको योजनाहरुलाई तेस्रो प्राथमिकतामा राखिने छ ।

(६) योजनाको प्राथिमीकरणमा गाउँपालिका,प्रदेश र संघ कुन तहवाट कार्यान्वयन वा साझेदारीबाट संचालन हुने हो सो स्पष्ट उल्लेख गरिनेछ ।

**१४.खानेपानी तथा सरसफाई योजना कार्यान्वयन स्थल :** (१) धुर्कोट गाउँपालिका भित्रका गाउँ कार्यपालिकाले प्राथमिकताको आधारमा छनौट गरेका योजनाहरुलाई चरणवद्ध कार्यपद्धति अनुसार कार्यान्वयन गरिनेछ ।

## परिच्छेद -५
## मानव संशाधनको आवश्यकता र पदपूर्ति

**१५. मानव संशाधनको आवश्यकता :** (१) धुर्कोट गाउँपालिकामा देहायका आधारमा कर्मचारीको व्यवस्था गरिने छ :-

(क) ग्रामिण खानेपानी, सरसफाई तथा स्वच्छता कार्यक्रम(वास इकाई) र कार्यरत कर्मचारीहरुलाई निरन्तरता दिइने छ ।

(ख) कार्यरत कर्मचारीको पद रिक्त हुन गएमा नियमानुसार विज्ञापन गरी पदपूर्ति गरिने छ ।

(ग) कर्मचारीको हकमा आवश्यकताको आधारमा १ जना वास संयोजक/वास अधिकृत, एक देखि ३ सम्म वास सहजकर्ता र एक देखि ३ सम्म खानेपानी तथा सरसफाई प्राविधिकको व्यवस्था गरिनेछ।

(घ) कर्मचारीहरुको सेवा सुविधा प्रचलित ऐन नियमानुसार उपलब्ध गराइनेछ ।

(२) उपदफा (१) बमोजिम मानव संशाधनको आवश्यकता र पदपूर्तिको लगत गाउँपालिकाको कार्यालयमा संलग्न गरिने छ ।

(३) कर्मचारीहरुको काम,कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछ ।

**वास संयोजक/वास अधिकृत :**

- समुदायस्तरमा कार्यरत अन्य सहयोगी व्यक्तिहरुलाई मासिक तथा वार्षिक विस्तृत कार्ययोजना बनाउनका लागि आवश्यक सहयोग तथा समन्वय गर्ने,
- योजना क्षेत्रमा कार्यरत सब इन्जिनियर, स्वास्थ्य प्रवर्द्धक, वाश सहजकर्ता, खानेपानी तथा सरसफाइ प्राविधिकको कामको सुपरिवेक्षण तथा कार्ययोजना वमोजिमको कामको अनुगमन गर्ने,
- योजनाको संभाव्यता अध्ययन गरी प्रतिवेदन पेश गर्ने,
- योजना क्षेत्रमा आइपर्ने समस्याहरु समाधान गर्नको लागि सरोकारवाला तथा उपभोक्ता समितिको बैठक आयोजना गर्न आवश्यक सहयोग गर्ने,
- योजना क्षेत्रमा उपभोक्ता समिति गठन तथा दर्ता गर्ने कार्यमा सहयोग गर्ने
- योजनाको सामाजिक नक्शा तयार गर्न समुदायलाई सहयोग गर्ने ,
- चरणवद्ध कार्यविधि वमोजिम उपभोक्ता समिति, वडा वाससिसि, गाउँपालिका स्तरीय खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समिति तथा अन्य सरोकारवालाहरुको लागि विभिन्न तालिम तथा कार्यशाला गोष्ठीहरु सञ्चालन गर्ने,
- पारदर्शिता सुनिश्चित गर्न सार्वजनीक परिक्षण तथा अन्य कार्यहरु गर्न आवश्यक सहयोग गर्ने,
- योजनाको प्रथम रेखांकन र विस्तृत प्राविधिक सर्भे गर्ने कार्यमा सहयोग पुराउने,
- योजना क्षेत्रमा मर्मत सम्भार कोष संकलनमा सहयोग गर्ने,
- स्थानीय सामाग्री संकलन, गैर स्थानीय सामाग्री खरिद, ढुवानी तथा स्टोर व्यवस्थापन गर्न सहयोग गर्ने,
- खानेपानी योजनाको सञ्चालन तथा मर्मत सम्भार योजना तयार तथा कार्यान्वयन गर्न सहयोग गर्ने
- उपभोक्ता समितिको लेखा तथा जिन्सी व्यवस्थापनमा सहयोग गर्ने,
- उपभोक्ता समितिलाई सामुदायिक कार्ययोजना तयार गरी गाउँपालिका तथा समुदायस्तरवाट स्वीकृत गरी कार्यान्वयनका लागि सहजीकरण गर्ने,
- स्थानीयस्तरमा कार्यरत सरकारी तथा गैरसरकारी संस्थाहरुसंग सुमधुर सम्बन्ध तथा समन्वय स्थापित गर्ने,
- खानेपानी योजनाको पानी सुरक्षा योजना तयारी तथा कार्यान्वयन गर्न सहयोग गर्ने
- प्रगती प्रतिवेदन तयार गरी नियमित रुपमा गाउँपालिका समक्ष पेश गर्ने,
- वास संयोजक/वास अधिकृतले खानेपानी तथा सरसफाई योजना क्षेत्र तथा अन्य स्थानमा सञ्चालन हुने सवै क्षमता विकासका क्रियाकलापहरुको प्रस्तावना तथा प्रतिवेदन तयार गर्ने कार्य गर्नेछन् ।
- उपभोक्ताहरुको मर्मत संभार कार्यविधि तयार गर्न सहयोग गर्ने ।

**वास सहजकर्ता:**

- गाउँपालिकामा स्वास्थ्य,स्वच्छता र सरसफाई सम्बन्धि तथ्यांक संकलन तथा पहिचान गरी विश्लेषण गर्ने ।
- आवश्यकता अनुसार स्वास्थ्य र सरसफाई सम्बन्धिका क्रियाकलाप संचालन गरी जनचेतना अभिवृद्धि गराउने ।
- सामुदायिक कार्ययोजना तयार गर्न सहयोग पुराउने ।
- नियमित  घरधुरी भेटघाट गर्ने ।
- खानेपानी तथा सरसफाई योजनामा साबुन पानीले हातधुने तथा आनीबानी परिवर्तन गर्न सहजिकरण गर्ने।
- समुदायमा सरसफाईको प्रयोगात्मक अभ्यास गराउने ।
- विद्यालयस्तर तथा समुदायमा विशेष गरेर स्वास्थ्य, स्वच्छता र सरसफाइ सम्बन्धि जनचेतनामूलक अभियान संचालन गर्ने ।
- खुल्ला दिसामुक्त अवस्थाको विश्लेषण तथा पूर्ण सरसफाई अभियान प्रवर्द्धन गर्ने ।
- स्वास्थ्य नाटक,भित्तेलेखन र हातधुने जस्ता क्रियाकलापमा विद्यालय, युवाक्लब, आमा समुह,महिला स्वयंसेविकाहरुको परिचालनमा सहयोग लिने ।
- पूर्ण सरसफाई टोल अभिमुखिकरण गर्ने ।
- पुर्ण सरसफाई घोषणा गर्न घरधुरी तथा टोल तयार गर्ने ।
- गाउँपालिकाले जिम्मेवारी दिएका अन्य कार्यहरु गर्ने ।

**खानेपानी तथा सरसरफाई प्राविधिक:**

- खानेपानी योजनाहरुमा प्राविधिक क्रियाकलापहरु संचालन गर्न सब इन्जिनीयरलाई सहयोग गर्ने ।
- ले आउट,सर्भे आदि कार्य गर्ने ।
- कार्यान्वयन चरणको सामुदायिक कार्ययोजना तयार गर्न टिमसंग सहभागी हुने ।
- समुदायलाई कार्यक्रमको नीति नियम र अवस्थाको जानकारी गराउने ।
- समुदायमा खेर गएको पानीलाई किचेन गार्डेनको रुपमा प्रयोग गर्न सचेतिकरण गर्ने ।
- स्थानीय तथा गैर स्थानीय सामाग्रीको गुणस्तर चेकजाँचमा सहयोग पुराउने  ।
- निर्माण कार्य संचालन भइरहेको वेला दक्ष कामदारको कामको गुणस्तरको विषयमा सुपरिवेक्षण गर्ने ।
- उपभोक्ता समितिको संस्थागत विकासका लागि मर्मत तथा संभार कार्यमा सहयोग पुराउन ग्रामिण मर्मत संभार कार्यकर्ता र पम्पअपरेटर तालिम संचालनमा सहयोग पुराउने ।
- खानेपानी योजना, सार्वजनिक ,संस्थागत र विद्यालयका शौचालय निर्माण योजनामा डिजाइन तथा स्टिमेट तयार गर्न सघाउने ।
- खरिद प्रकृयामा उपभोक्ता समितिलाई सहयोग गर्ने ।
- खानेपानी योजना अन्तरगतका उपभोक्ता समितिलाई तालिम सहजिकरण गर्ने ।
- गाउँपालिकाले दिएका अन्य जिम्मेवारी पुरा गर्ने ।

(४) कार्यरत कर्मचारीहरुले आफ्नो पद अनुसारको काम सन्तोषजनरुपमा गर्न नसकेमा जुनसुकै वेला पनि पदवाट हटाउन सकिनेछ ।

## परिच्छेद -६

## वास व्यवस्थापन समिति

**१६.वास व्यवस्थापन समिति** :(१) कार्यक्रम कार्यान्वयन सम्बन्धी आवश्यक व्यवस्था तथा समन्वय गर्न देहाय बमोजिमको समिति रहनेछ :-

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| (ख) गाउँपालिका उपाध्यक्ष | सदस्य |
| (ग) प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| (घ) सामाजिक विकास समिति संयोजक | सदस्य |
| (ङ) कार्यपालिका महिला सदस्य | सदस्य |
| (च) गाउँपालिका इन्जिनियर(स्थायी कर्मचारी) | सदस्य |
| (छ) वास संयोजक /वास अधिकृत | सदस्य सचिव |

**१७.समितिको काम, कर्तव्य र अधिकार :** वास व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) गाउँपालिका तहमा संचालन हुने वास सम्बन्धी सम्पूर्ण क्रियाकलापको योजना तर्जुमा,समन्वय,प्रशासन र व्यवस्थापन गर्नका लागि जिम्मेवार हुनेछ ।

(ख) वास सम्बन्धी सम्पूर्ण क्रियाकलापको योजना तर्जुमा, प्रगति र समिक्षा गर्नका लागि प्रत्येक दुई महिनामा कम्तीमा एक पटक वास व्यवस्थापन समितिको बैठक वस्ने छ ।

(ग) वास क्रियाकलापहरुको सफल तथा प्रभावकारी संचालनको लागि नीति,प्रणाली र कार्यान्वयनको ढाँचामा गाउँपालिका संघ र प्रदेशलाई पृष्ठपोषण दिनेछ ।

(घ) कार्यक्रम कार्यान्वयनको क्रममा आइ पर्ने बाधाअड्चन फुकाउन कार्यपालिका बैठकमा निर्णयका लागि पेश गर्नेछ ।

(ङ) कार्यक्रमको अनुगमन मुल्यांकन गरी गाउँपालिकालाई पृष्ठपोषण दिनेछ ।

## परिच्छेद -७

## बजेट व्यवस्था

**१८.बजेट व्यवस्था:**

(१) ग्रामिण खानेपानी,सरसफाई तथा स्वच्छता शिर्षकमा गाउँसभावाट स्वीकृत बजेट गाउँकार्यपालिकाले व्यवस्था गराउने छ ।

(२) खानेपानी तथा सरसफाईको क्षेत्रमा काम गर्न संघ र प्रदेशवाट बजेट विनियोजन भएमा समपुरक कोषको व्यवस्था गरी कार्यान्वयन गरिनेछ ।

(३) सरकारी तथा गैर सरकारी संस्थाहरुले गाउँपालिकामा कार्य गर्न चाहेमा वास कोषको व्यवस्था गरि संचालन गरिनेछ ।

(४) दातृ निकायहरुले गाउँपालिकासंग वास क्रियाकलाप संचालन गर्न चाहेमा वास कोषको व्यवस्था गरी संचालन गरिनेछ ।

## परिच्छेद -८
## योजना संचालन तथा मर्मत संभार

**१९.योजना संचालन तथा मर्मत संभार :** (१) योजना संचालन तथा मर्मत संभार देहायका आधारमा गरिने छ ।

(क) गाउँपालिकामा संचालित  खानेपानी योजनाहरुमा उपभोक्ता समितिले नै ग्रामिण मर्मत संभार कार्यकर्ता र पम्प अपरेटर छनौट गरी मासिक तलब व्यवस्था हुने गरी ग्रामिण मर्मत संभार कार्यकर्ता र पम्प  अपरेटरको व्यवस्था गरिनेछ  ।

(ख) खानेपानी योजना संचालनको क्रममा नै उपभोक्ता समिति मार्फत मर्मत संभार कोष स्थापना गर्ने  व्यवस्था मिलाइने छ ।

(ग) योजनामा पानी महसुल संकलन तथा परिचालन, महसुल बृद्धि,पानी महसुलमा हेलचेक्राई गर्नेलाई दण्ड जरिवानाको लागि प्रत्येक योजनामा योजना संचालन कार्यविधि बनाउन सहयोग गरिने छ ।

(घ) खानेपानी योजनाहरु जिर्ण भएमा पुननिर्माणको लागि आवश्यक सहयोग गर्ने र उपभोक्ताहरुले मर्मत गर्न नसक्ने ठुला योजनाहरुमा गाउँपालिकामा मर्मत संभार कोष स्थापना गरी उक्त कोषवाट मर्मत गर्ने व्यवस्था मिलाइने छ ।

(ङ) पुन निर्माण गर्नु पर्ने योजनाहरुलाई प्रदेश र संघमा सिफारिस गर्ने व्यवस्था मिलाइनेछ ।

## परिच्छेद-९
## अनुगमन तथा मूल्यांकन

**२०.अनुगमन तथा मूल्यांकनः** (१) खानेपानी योजनाको कार्यान्वयन चरणको अवधिमा कम्तीमा २ पटक गाउँपालिकावाट अनुगमन टोली खटाइनेछ ।

(२) अनुगमनमा खटाइ आउने टोलीले उपभोक्ता समितिको हिसाव, सहयोगी कर्मचारीको कागज पत्र,स्टोर व्यवस्थापन र संरचन निर्माणको अनुगमन गर्ने छ ।

(३) अनुगमन टोलीवाट प्राप्त सुझाव अभिलेख राख्न उपभोक्ता समितिले सुझाव पुस्तिका अनिवार्य राख्नु पर्ने छ ।

(४) अनुगमन टोलीले सामानको गुणस्तर तथा पानीको गुणस्तर समेत जाँच गर्न सक्नेछ ।

(५) योजना सम्पन्न भए पश्चात अनुगमन टोलीको सिफारिसमा अन्तिम मूल्यांकन गरि योजनाको भुक्तानी सिफारिस गरिनेछ ।

## परिच्छेद-१०
## विविध

२१. वार्षिक रुपमा गाउँपालिकाले विस्तृत कार्य सम्पादन अनुगमन समयमा गरिने छ ।

२२. गाउँपालिकामा संचालित वास क्रियाकलाप निर्धारित गुणस्तर ,स्वीकृत र कार्ययोजना अनुरुप समयमा संचालन गरिने छ ।

२३. कार्यक्रम संचालन प्रकृयामा कुनै विवाद आएमा गाउँकार्यपालिका तथा गाउँसभावाट समाधानको उपाय खोजिने छ ।

२४. यस कार्यविधिमा लेखिएको विषयमा यसै बमोजिम र नलेखिएको विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

२५.कार्यविधिको व्याख्या : यस कार्यविधि कार्यान्वयनका रुपमा कुनै द्धिविधा भएमा धुर्कोट गाउँ कार्यपालिकाको व्याख्या अन्तिम हुनेछ ।

२६. संसोधन : यस कार्यविधिलाई गाउँ कार्यपालिकाको बैठकले संसोधन ,थप र खारेजी गर्न सक्नेछ र अन्तिम निर्णय गाउँसभामा पेश गरिनेछ ।

## तालिमको अनुसूची -१

### १) उपभोक्ता समितिलाइ अभिमुखिकरण र आर्थीक व्यवस्थापन सम्बन्धी तालिम :

खानेपानी तथा सरसफाइ उपभोक्ता समिति भनेको खानेपानी तथा सरसफाई उपभोग गर्ने सम्पूर्ण घरधुरीको प्रतिनिधित्व अनुसार गठन भएको संस्था हो । उपभोक्ता समिति उपभोक्ता प्रति जवाफदेही र योजनाको कार्यान्वयन तथा व्यवस्थापनको लागि जिम्मेवार हुन्छ । योजना तर्जुमा, तयारी (दुबै बजेट तथा सामग्री परिचालन), कार्यान्वयन र दिगो योजना संचालनमा (भविष्यमा पनि) समुदायलाई समावेश गर्ने पूर्ण जिम्मेवारी उपभोक्ता समितिमा रहेको हुन्छ ।

गाउँपालिकावाट योजना रकम कार्यान्वयनको निम्ति सिधै उपभोक्ता समितिको खातामा जान्छ । उपभोक्ता समितिले पारदर्शी एवं व्यवस्थित तवरमा आबश्यक सामग्री खरिद, भण्डार व्यबस्थापन तथा आय/व्ययको अभिलेख राख्नु पर्दछ । यसकारण उपभोक्ता समिति सामान खरिद, भण्डारण र लेखा व्यबस्थापनमा सजग हुनुपर्दछ । उपभोक्ता समितिका सदस्यहरुलाई योजना सम्बन्धी आय व्ययको विवरण, निर्माण सामग्रीहरु (औजार, फिटिङ्गस इत्यादि)को विवरण, दक्ष तथा अदक्ष ज्यामीहरुको ज्याला र श्रम योगदान सम्बन्धी विवरण उचित तवरमा राख्न योग्य बनाउनु यसको उद्देश्य रहेको छ ।

**अवधि** : २ दिन ( योजना अनुसार ३ दिन सम्म पनि गर्न सकिनेछ ।)

**उपयुक्त समय :** उपभोक्ता समिति गठन भए लगत्तै

**सहभागीहरु :** उपभोक्ता समितिका सबै सदस्यहरु तथा योजना क्षेत्रका गाउँपालीका र वडाका खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समितिका सदस्यहरु

**सहजकर्ताहरु :** धुर्कोट गाउँपालिका वास इकाईका कर्मचारीहरु र गाउँपालिकाका कर्मचारीहरु

**आयोजक :** गाउँपालिका वास इकाई

**उद्देश्य :**

- उपभोक्ता समितिलाई योजनाको बारेमा अवगत गराउने,
- गाउँपालिकाबाट कोष प्रवाहका प्रक्रियाहरुको बारेमा जानकारी गराउने,
- उपभोक्ता समितिका सदस्यहरुलाई योजना सम्बन्धी उनीहरुको भूमिका र जिम्मेवारीको बारेमा जानकारी गराउने,
- योजना कार्यन्वयन तथा व्यवस्थापनमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको सिद्धान्त र महत्व बुझाउने,
- निर्माण सामग्रीहरुको खरिद, ढुवानी, भण्डारण तथा आम्दानी खर्चको व्यवस्थित लेखा राख्न उपभोक्ता समितिको क्षमता अभिवृद्धि गर्ने ।
- निर्माण सामग्री, औजार आदिको अभिलेख राख्न सक्षम बनाउने ।
- उपभोक्ता समितिका पदाधिकारीहरुलाई दक्ष, अर्धदक्ष ज्यामी एवं जनश्रमको लेखा राख्न सक्ने बनाउने ।

- उपभोक्ता समितिका पदाधिकारीहरुलाई नेपाल सरकार र स्थानीय तहको आर्थिक नीति नियमको वारेमा जानकार बनाउने ।
- उपभोक्ता समितिका पदाधिकारीहरुलाई निर्माण सामग्रीहरुको गुणस्तरको बारेमा सचेत बनाउने ।

## उपभोक्ता समितिमा हुनुपर्ने कागजात तथा खाताहरु

उपभोक्ता समितिले तल दिइएका कागजात तथा खाताहरुको अद्यावधिक गर्नुपर्दछ:

१.नगद तर्फको आम्दानी खर्च खाता

२.बैंक खाता

३.अन्य बिल भरपाई र भौचर

४. जिन्सी खाता

## खरिद प्रक्रिया

सबै खानेपानी योजनाहरु उपभोक्ता समिति मार्फत कार्यान्वयन हुनेछन् । टेण्डर भएका खानेपानीहरु योजनाहरु पनि उपभोक्ता समितिको रेखदेखमा संचालन हुने छन् । उपभोक्ता समितिद्वारा गरिने सामग्री खरिदका प्रक्रियाहरु तथा विधि निम्नानुसार हुनेछन ।

प्रक्रिया १: सोझै खरिद

प्रक्रिया २: प्रतिस्पर्धात्मक दरभाउपत्र

प्रक्रिया ३: बोलपत्र

### खरिद प्रक्रियाका चरणहरु

**जुनसुकै खरिद प्रक्रियामा अपनाउनु  पर्ने सामान्य चरणहरु:**

१. हरेक खरिद प्रक्रियाका सम्पूर्ण चरणहरुमा पारदर्शिता, अभिलेख र बैठकका निर्णयहरु दुरुस्त कायम राख्ने ।

२. उपभोक्ताको आम भेलाले योजनाको निर्माण सामग्री खरिदका लागि तीन सदस्य (कम्तिमा एक जना महिला रहने गरी) खरिद समिति चयन गर्ने । उक्त ३ सदस्यमा १ जना उपभोक्ता समितिबाट र २ जना उपभोक्ताहरुबाट हुनुपर्ने छ । सोही आम भेलाबाट उक्त ३ जनामध्ये १ जनालाई खरिद समितिको संयोजकको रुपमा चयन गर्ने र आम भेलाबाटै सामग्री खरिद प्रक्रियाको छनौट (सोझै खरिद, प्रतिस्पर्धात्मक दरभाउपत्र वा बोलपत्र) सम्बन्धी निर्णय गर्नु पर्नेछ ।

३. उपभोक्ता समिति र खरिद समितिलाई सामग्री खरिद गर्नुभन्दा पहिले खरिद योजनामा प्रचलित खरिद प्रकृया, स्रोत परिचालन तथा व्यवस्थापन सम्बन्धी प्रावधानहरु र सिमेन्ट, पाइप र अन्य निर्माण सामग्रीहरुको गुणस्तर तथा मापदण्ड र स्पेसिफिकेसन जस्ता बिषयहरु समावेश गर्ने ।

४. गाउँपालिका वास इकाईबाट योजनामा खटाइएका प्राविधिक कर्मचारीले आवश्यकता परेको खण्डमा प्राविधिक शाखाले योजनाको डिजाइन तथा लागत प्रतिवेदन अनुसार खरिद गर्नुपर्ने सामग्रीहरूको विस्तृत प्राविधिक स्पेसिफिकेशन सहितको दरभाउपत्र फाराम तयार गर्न उपभोक्ता समितिलाइ सहयोग गर्ने ।

५. उपभोक्ता समिति र खरिद समितिले छनौट गरिएको खरिद प्रक्रियाको सम्पूर्ण चरणहरु पालना गर्ने ।

६. उपभोक्ता समितिको अध्यक्ष वा खरिद समितिको संयोजकले दरभाउपत्र बिक्रि वितरण गर्नु भन्दा पहिले सबै पानामा हस्ताक्षर गर्ने र उपभोक्ता समितिको छाप लगाउने ।

७.उपभोक्ता समितिले सामाग्रीहरु ढुवानी भईसकेपछि प्राप्त बिल र सामग्रीको आधारमा प्राप्त मिति समेत उल्लेख गरी खर्च भएर जाने सामानहरु **खर्च भएर जाने जिन्सी खातामा** र खर्च भएर नजाने सामानहरु **खर्च भएर नजाने जिन्सी खातामा** चढाउने ।

८.सामान दाखिला पश्चात सप्लायरलाई रकम भुक्तानी प्रक्रिया अगाडि बढाउने, एकाउन्ट पेयी चेकबाट भुक्तानी दिने ।

९.एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एक पटकभन्दा बढी सोझै खरिद गर्न सकिने छैन ।

## २) सामुदायिक कार्ययोजना तयारी गोष्ठी

योजना सञ्चालन गर्नु पूर्व उपभोक्ता समितिले सामुदायिक कार्ययोजना तयारी  गोष्ठि गर्नुपर्दछ । सामुदायिक कार्ययोजनामा उपभोक्ता समितिको खानेपानी योजना सफल रुपमा निर्माण गर्नको लागि एक महत्वपूर्ण मार्गदर्शन हो । सामुदायिक कार्ययोजनाले भविष्यमा के गर्ने, कसरी गर्ने, कस्ले गर्ने, कहिले गर्ने, स्रोतहरु (रकम, जनशक्ति र सामग्री) के–के र कहिले चाहिन्छ, र बजेट कसरी उपलब्ध हुन्छ स्पष्ट पार्नु पर्दछ । उपभोक्ताहरुले आफ्नो सामुदायिक कार्ययोजना आफैले तयार गर्नु महत्वपुर्ण हुन्छ ।

**अभिमुखिकरण अवधिः** २ दिन ( योजना अनुसार ३ दिन सम्म पनि गर्न सकिनेछ ।)

**सहभागीहरुः** उपभोक्ता समितिका सबै सदस्यहरु, मर्मत संभार कार्यकर्ता, खरिद समितिका सदस्यहरु

**स्रोत व्यक्तिः** वास संयोजक, वास सहजकर्ता, खानेपानी.तथा सरसफाइ प्राविधिक,सब-इन्जिनियर

**आयोजकः** धुर्कोट गाउँपालिका वास इकाई

**अभिमुखीकरणको उद्देश्यः**

- उपभोक्ता समितिका सदस्यहरुलाई खानेपानी योजनाको डिजाइन, लागत अनुमान र ले-आउट  (रेखाङ्कन) बारे स्पस्ट बनाउने  ।
- उपभोक्ता समितिका सदस्यहरुलाई सामुदायिक कार्ययोजनाको महत्व स्पष्ट रुपमा बुझाउने  ।
- योजना कार्यान्वयनको लागि सामुदायिक कार्ययोजनाको मस्यौदा तयार गर्ने ।
- उपभोक्ता समितिका सदस्यहरुलाई सम्पन्न सम्झौताका सर्तहरु तथा प्रावधानहरुको बारेमा स्पष्ट बनाउने,
- सामुदायिक कार्ययोजनाको समीक्षा गर्ने र सोहीबमोजिम कामको व्यवस्थापन गर्ने,

- खरिद योजना, नियम, प्रक्रिया तथा पद्धतिको बारेमा समीक्षा गर्ने,
- उपभोक्ता समितिलाई सामुदायिक कार्ययोजना वमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न तथा योजना निर्माण अन्तर्गतका क्रियाकलापहरुको व्यवस्था गर्न तयारी गर्ने,

## ३) पानी सुरक्षा योजना तालिम

**प्राय जसो लागत प्रतिफल अनुपातको आधारमा घरधुरी तहदेखि सम्पूर्ण समुदायमा आपूर्ति गरिएको पानी सुरक्षित र गुणस्तरयुक्त छ कि छैन भन्ने कुराको यकिन विभिन्न तहमा फरक फरक प्रकारका माध्यमहरु प्रयोग गरेर जाँच गर्न सकिन्छ । निम्न कारणहरुले गर्दा प्रत्येक खानेपानी योजनाहरुमा मौलिक पानी सुरक्षा योजना हुनु आवश्यक छ।**

**अभिमुखिकरण अवधिः** २ दिन ( योजना अनुसार ३ दिन सम्म पनि गर्न सकिनेछ ।)

**सहभागीहरुः** उपभोक्ता समितिका सबै सदस्यहरु, मर्मत संभार कार्यकर्ता, खरिद समितिका सदस्यहरु

**स्रोत व्यक्तिः** वास संयोजक, वास सहजकर्ता, खानेपानी.तथा सरसफाइ प्राविधिक,इन्जिनीयर, सब-इन्जिनियर

**आयोजकः** धुर्कोट गाउँपालिका वास इकाई

**अभिमुखीकरणको उद्देश्यः**

**१) खानेपानीका उपभोक्ताहरुलाई सुरक्षित पानी र यसको आपूर्तिको वारेमा चेतना स्तर वृद्धि गर्ने ।**

**२) खानेपानी प्रणालीलाई सधैं सुरक्षित राख्न, सुरक्षित पानी आपूर्ति गर्न र यसको स्तरोन्नति गर्ने जस्ता कार्यमा उपभोक्ताहरुलाई सक्षम पार्न सहयोग गर्ने ।**

**३) नियमित रुपमा पानीको मुहान सुरक्षित राख्ने तथा पानीको स्रोतहरुलाई प्रदुषण पार्न सक्ने र पानी संकलन, भण्डारण, वितरण र घरायसी तहमा प्रयोगको वेला हुन सक्ने प्रदुषण रोक्ने ।**

**४)वातावरणीय तथा जलवायू सम्बन्धित प्रकोपहरुले विभिन्न तरिकाबाट प्रत्यक्ष र अप्रत्यक्षरुपमा पार्ने असरहरुलाई न्यूनिकरण तथा अनुकूलनको लागी आवश्यक क्रियाकलापहरुको कार्यान्वयन गर्न सहयोग पुऱ्याउने । विभिन्न प्रकोपहरु (जस्तैः पहिरोले विशेषत योजनाको संरचना क्षति पुऱ्याउँछ, बाढी र सतहमा बग्ने पानीले खानेपानीलाई प्रदुषित बनाउँछ, श्रोतको सुख्खापना र खडेरीले खानेपानीको उपलब्धतामा असर गर्दछ ) र तिनीहरुको सुरक्षित खानेपानीमा पर्ने प्रभाव रोक्न, असर कम गर्न र उक्त परिवर्तन संग अनुकूलन हुने उपायहरुको योजना तर्जुमा तथा कार्यान्वयन गर्नु पर्दछ ।**

## पानी सुरक्षा योजनाका चरणहरु

### १. खानेपानी सुरक्षा टोली गठन

आमभेला बोलाउने ,पानी सुरक्षा योजना तर्जुमा र कार्यान्वयन गर्नका लागि उपभोक्ता प्रतिबद्धताको सुनिश्चितता गर्ने ,पानी सुरक्षा टोलीका लागि उपभोक्तामध्येबाट सदस्य छनौट गर्ने (फारम १) ,पानी सुरक्षा योजनाको सफलताका आधारहरुबारे छलफल गर्ने (फारम २)

### २. खानेपानी योजनाको विश्लेषण

योजना संरचनाको विवरणहरु उल्लेख गर्ने (फाराम ३) ,योजनाका रेखांकन सहित सामुदायिक नक्सा बनाउने (फाराम ४) पानीको क्षमता र ऋतु अनुसार श्रोतको विशेषता (फाराम ३) ,पानीको जलाधार क्षेत्रको पहिचान तथा उक्त जमिनको प्रयोग व्याख्या गर्ने (फाराम ४)

### ३. प्रकोपको लेखाजोखा

पानी प्रदुषित हुन सक्ने क्षेत्र र माध्यमहरुको पहिचान र व्याख्या गर्ने (फाराम ६) ,पानीको गुणस्तर परीक्षण (फाराम ५) ,बर्षातको आँकलन र ऋतुअनुसार वर्गीकरण , प्राकृतिक प्रकोपको लेखाजोखा, जस्तैः बाढी, पहिरो र श्रोतको सुख्खापना र पानीको श्रोत र योजनाको संरचनामा तिनीहरुको प्रभाव (फाराम ६) ,जलाधार क्षेत्रमा हुनसक्ने सम्भावित क्षयका प्रक्रियाहरु

### ४. योजना तर्जुमा तथा कार्यान्वयन

स-साना मर्मत तथा सुधारात्मक कार्य तथा नियमित मर्मत तथा संभारका कार्यहरुको लागि अल्पकालीन योजना (फाराम ६ क) , ठूला मर्मत तथा विस्तारका कार्यहरु र ठूला प्रकोपहरुको न्यूनीकरण तथा रोकथामका उपायहरुको लागि दिर्घकालीन योजना (फाराम ६ ख)

### ५. अनुगमन तथा प्रमाणिकरण

खानेपानी योजनाको कार्यान्वयन तथा अनुगमन (फाराम ६ क र ख) , पानीको गुणस्तरको पुन परीक्षण (फाराम ५) ,पानी सुरक्षा योजनाको प्रभावकारीता प्रमाणित गर्न उपभोक्ताको सन्तुष्टि सर्भेक्षण (अनुसूची १)

### ६. समिक्षा, प्रतिवेदन तथा अभिलेखिकरण

पानी सुरक्षा योजनाको समिक्षा ,उपभोक्ताहरुको आमभेलामा पानी सुरक्षा योजनाका नतिजा र आगामी कार्ययोजना बारे छलफल ,पानी सुरक्षा योजनाको सुधारका लागि योजना, गाउँपालिका, गा.पा. वास समन्वय समिति, जिल्ला वास समन्वय समिति ,खानेपानी तथा सरसफाई डिभिजन कार्यालयलाई प्रतिवेदन सहित आवश्यक सहयोग माग गर्ने ।